**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**
**BROADCAST: 18:40 hrs** **Date: 25.09.2025**

***शिवकाज***

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज नयाँ दिल्लीबाट सिक्किमको बर्मिकमा बागवानी कलेजको नयाँ प्रशासनिक तथा शैक्षिक भवनको भर्चुअल उद्घाटन गर्नुभयो। मिडियालाई सम्बोधन गर्दै श्री सिंहले भन्नुभयो, 52 करोड़ रूपैयाँको यो परियोजनाले सिक्किमका विद्यार्थी, किसान र सम्पूर्ण पूर्वोत्तर क्षेत्रका लागि नयाँ दिशा देखाउनेछ। सो अवसरमा, कृषि तथा किसान कल्याण राज्यमन्त्री भागीरथ चौधरी र सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले पनि आफ्नो उपस्थिति जनाउनुभयो।

***कनेक्ट टु सीएम सेल प्रत्यक्ष सार्वजनिक पहुँचको***

नयाँ सिक्किम सरकारले नागरिक सेवा र प्रशासनिक पारदर्शितालाई प्रेम सिंह तामाङले अबदेखि नागरिकहरूलाई मुख्यमन्त्रीको कार्यालयमा प्रत्यक्ष पहुँच प्रदान गर्ने उद्देश्यले कनेक्ट टु चीफ मिनिस्टर सेल नामक एक नयाँ पहलको शुरूवात गर्ने घोषणा गरेका छन्। सोरेङ च्याखुङका विधायक आदित्य गोलेले आफ्नो आधिकारिक सामाजिक सञ्जाल फेसबुकमार्फत यस आशयको जानकारी दिएका छन्। यस अभिनव पहल अन्तर्गत, एक समर्पित मोबाइल हेल्पलाइन नम्बर सञ्चालनमा ल्याइनेछ। यस नम्बरमार्फत राज्यभरका नागरिकहरूले आफ्ना गुनासो, सुझाव र सरोकारका विषयहरू सिधै मुख्यमन्त्रीसम्म पुऱ्याउन सक्नेछन्। हेल्पलाइन नम्बर चाँडै नै सार्वजनिक गरिने अपेक्षा गरिएको छ।

***सशस्त्र पुलीस 50 औं स्थापना दिवस मुख्यमन्त्री***

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ आज पाङथाङमा सिक्किम सशस्त्र पुलिस को पचासौं स्थापना दिवसको उत्सवमा शामेल हुनभयो। यस विशेष अवसरमा उहाँले सम्पूर्ण एस ए पी बिरादरीलाई हार्दिक बधाई दिँदै उनीहरूको अनुकरणीय सेवा, दृढ़ आत्मबल र कर्तव्यप्रतिको समर्पण, सिक्किम र यहाँका पुलिसका लागि अपार गर्व र प्रेरणाको स्रोत बनेकोछ, भन्नुभयो। आवश्यक पर्दा उनीहरूलाई हर सम्भल सहयोग प्रदान गर्ने आश्वासन, श्री तामाङले दिनुभयो।

***नमो म्याराथान***

सिक्किमका विभिन्न भागहरू पहाडीक्षेत्र र अन्य राज्यहरूका धावकहरूले नमो म्याराथनमा भाग लिएका छन्, जसलाई आज बिहान रिज पार्कबाट मुख्यमन्त्री प्रेमसिंह तामाङले झण्डा देखाएर सुरूवात गर्नुभयो। सेप्टेम्बर 17 देखि अक्टेबर 2 सम्म मनाइने राष्ट्रव्यापी सेवा पखवाडाको अवसरमा खेलकुद तथा युवा मामिला विभागले यो कार्यक्रम आयोजना गरेको हो। म्याराथनको उद्देश्य, जीवनका विभिन्न क्षेत्रका मानिसहरूमा फिटनेस र सक्रिय जीवनशैलीलाई प्रोत्साहन गर्नु र प्रधानमन्त्रीको फिट इन्डियाको दृष्टिकोण अनुरूप समुदायको सहभागितालाई ब□ढा दिनु हो।

***सेवा पर्व***

सेवा र सुशासनको मन्त्रबाट प्रेरित भएर प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेकोछ। आज. यस विशेष शृङ्खला सेवा पर्व मा हामी तपाईलाई मोदी सरकारले रक्षा निर्यातलाई कसरी बढ़ाएको छ र रणनीतिक अधिग्रहणलाई कसरी बलियो बनाएको छ भन्ने कुरा प्रस्तुत गर्दछौं।

***अक्टुबर देखि डोका ला, चो- ला खोलिने***

सिक्किम सरकारले सुरक्षा र वातावरण संरक्षणका लागि कड़ा निर्देशिकाहरू सहित अक्टेबर 2, 2025 देखि डोका- ला र चो- ला लाई युद्धक्षेत्र पर्यटन अन्तर्गत भारतीय मतदाता परिचयपत्र धारकहरू अर्थात घरेलु पर्यटकहरू का लागि खोल्ने घोषणा गरेको छ।

***मंगन स्वच्छता ही सेवा***

मंगन नगर पञ्चायतले भाइटल राइडर्स मोटरमाइकल क्लब र मंगनमा तैनाथ राज्य प्रदूषण नियन्त्रण बोर्ड का अधिकारीहरूसँगको सहकार्यमा, स्वच्छता ही सेवा- एक दिन, एक घण्टा, एक साथ को ब्यानमा मंगन लाल बजारमा सफाई अभियान आयोजना गऱ्यो। स्वच्छता ही सेवा- नयाँ दिल्लीको आवास तथा शहरी मामिला मन्त्रालयको निर्देशनमा 17 सेप्टेम्बरदेखि 2अक्टोबर 2025 सम्म मनाइने एक अखिल भारतीय अभियान हो।